# अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय नीति, २०७८

**(मस्यौदा)**

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार

## 1. पृष्ठभूमिः

२०७२ सालमा जारी भएको नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानता, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने अपेक्षा गरेको छ। संविधानको समानताको हकमा सामान्य कानुनको प्रयोगमा अपाङ्गताको आधारमा भेदभाव गरिने छैन र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ। संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ ।त्यस्तै गरी धारा ३९ मा अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था रहेको, धारा ४२ मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको व्यवस्थाको साथै अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरिएको छ । नेपाल पक्ष भएको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि), 2006 लाई २००९ मा अनुमोदन गरिएको, एशिया तथा प्रशान्त क्षेत्रको इन्चोन रणनीति (२०१५-२०२२) कार्यान्वयनमा रहेको र विश्व अपाङ्गता सम्मेलनमा नेपालको सहभागिता र प्रोटोकलमा अनुमोदन गरिसकिएकोले नेपालको अपाङ्गता क्षेत्रप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत रहेको छ ।

अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान गर्ने तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्वी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि आर्थिक एवम् सामाजिक सशक्तीकरण गर्ने उद्देश्य सहित पन्ध्रौं आवधिक योजना र दिगो विकास लक्ष्यमा अपाङ्गतामैत्री विद्यालय लगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरी कार्यान्वयनमा रहेको अवस्था छ ।

अपाङ्गता भएका व्यक्तिलाई शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा दश वटा क्षेत्रमा वर्गीकरण गरिएको छ ।अपाङ्गता परिचय पत्र प्रदानको लागि गम्भिरता एवम् अशक्तताको आधारमा चार क्षेत्रमा वर्गीकरण गरी पूर्ण अशक्त र अति अशक्त अपाङ्गतालाई सामाजिक सुरक्षा भत्ता राज्यबाट उपलब्ध हुदै आएको छ ।अपाङ्गता भएका व्यक्तिको लागि आरक्षणको व्यवस्था, क्षमता विकास कार्यक्रम र सहायक समाग्री वितरण लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।

अपाङ्गताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न, सङ्घ,,प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँन, राज्यका तीनवटै तहमा अपाङ्गतामैत्री शासन प्रणालीलाई संस्थागत गर्न, तीन तहका सरकारबाट तर्जुमा हुने योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट अपाङ्गता समावेशी बनाई उनीहरुको सशक्तीकरण गरी समृद्ध र न्यायपूर्ण समाजको स्थापना गर्न आवश्यकता देखिएको छ ।

## 2. वर्तमान स्थिति

अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या कुल जनसङ्ख्याको १.९४ प्रतिशत रहेको छ । २०६८ सालको जनगणना अनुसार अपाङ्गता भएका व्यक्ति ५,१३,३२१ मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अपाङ्गता भएका व्यक्ति १,५३,८६५ रहेका छन् । राज्यका विभिन्न संरचना तथा निकायमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र प्रतिनिधित्वमा सुधार हुँदै आएको छ । राजनीतिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिताको अवस्था प्रतिनिधि सभामा एक जना र राष्ट्रिय सभामा चार जना रहेको छ।त्यसैगरी निजामती सेवा लगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिका लागि ५%,आरक्षणको व्यवस्था गरिएको छ । निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको सहभागिता २०६४/०६५ देखि २०७६/०७७ सम्म ९९६ जना रहेको छ।

अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि भएका नीतिगत, कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच आदिमा वृद्बि हुँदै गएको छ । साथै जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सहभागिता भएको अवस्था छ।

## 3. समस्या

अपाङ्गता भएका व्यक्तिको एकिकृत तथ्याङ्कको अभिलेख तयार नहुनु, अपाङ्गता भएका व्यक्तिको हक अधिकार पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु, सवै तहमा भौतिक संरचनाहरु अपाङ्गतामैत्री नहुनु, अपाङ्गताको क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य कमी हुनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरमा समान पहुँच नहुनु, विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, सूचना सञ्चारतथा प्रविधि अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त हुन नसक्नु, सवै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, प्रयोग गरिने सहायक सामग्री र पुनस्थापना सेवा उपलब्ध नहुनु, सवै क्षेत्रका निर्णयाक तहमा अपाङ्गता भएका व्यक्तिको न्यून सहभागिता हुनु जस्ता विषयहरु प्रमुख समस्याको रुपमा रहेका छन्।

अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहायक सामग्री पर्याप्त मात्रामा उपलब्ध गराउन नसक्नु र प्रारम्भिक अवस्थामै अपाङ्गताको पहिचान गरी आवश्यकता अनुरूप पुनर्स्थापना सेवा समुदायस्तरमा पुर्‍याउन नसक्नु, दैनिक रूपमा सेवा र सहयोग आवश्यक पर्ने अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित र सम्मानित जीवनयापनका लागि पर्याप्त कार्यक्रम नहुनु, परिचयपत्र वितरणलाई सबैको पहुँचमा पुर्‍याउन नसक्नु र शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच ज्यादै न्यून हुनु जस्ता थप समस्या यस क्षेत्रमा विद्यमान छन्।

## 4. चुनौति

सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री विषयलाई संस्थागत एवम् आन्तरिकीकरण गर्नु, सामाजिक संरचना र सोचमा परिवर्तन गर्नु,, नेतृत्व तहमा अपाङ्गता भएका व्यक्तिको निर्णायक भूमिकामा वृद्धि ल्याउनु,, सवै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधार, आवश्यकतानुसार सेवा सुविधा तथा सहायक सामाग्रीहरुको व्यवस्थापन गर्नु, अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गरी न्यायमा पहुँच बढाउनु, अपाङ्गता भएका व्यक्तिको आर्थिक एवम् सामाजिक सशक्तीकरण गर्नु र अपाङ्गता भएका व्यक्तिको खण्डीकृत तथ्याङ्क संकलन गरी राज्यबाट विशेष सुविधा प्रदान गर्नु यस क्षेत्रका चुनौति हुन ।

## 5. नीतिको आवश्यकता र औचित्य

दिगो विकासको लक्ष्य प्राप्त गर्न, अपाङ्गतामैत्री शासन प्रणालीको विकास गरी न्यायपूर्ण समाजको स्थापना गर्न, नेपालले राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता पूरा गर्न, अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहायक सामग्री उपलब्ध गराउन, अपाङ्गता परिचयपत्र वितरणलाई पहुँच योग्य बनाउन, निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धि गर्न, शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिको सम्मान एवम् अधिकार प्रवर्द्धन गर्ने यस नीति आवश्यकता रहेको छ ।

अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार,,रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट आर्थिक सशक्तीकरण गर्न, अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण गर्न, अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर र स्वावलम्वी बनाउन, अपाङ्गता भएका व्यक्तिको बर्गीकरणको आधारमा तथ्याङ्क प्रणाली व्यवस्थित गर्न, अपाङ्गताको वर्गीकरण अनुसारका कार्यक्रम तय गर्न, रोजगारीका अवसर सृजना गर्न र सीप विकास एवम् क्षमता विकासका लागि तालिम प्रदान गरी आर्थिक सशक्तीकरण गर्न यो नीतिको औचित्य रहेको छ ।

अपाङ्गताको  क्षेत्रमा मुलुकले हासिल गरेका उपलब्धिलाई निरन्तरता दिँदै अपाङ्गतामैत्री शासन प्रणालीलाई स्थानीय तह देखि नै संस्थागत गर्न यस नीतिले मूल नीतिको रूपमा मार्गनिर्देश गर्नेछ। यस नीतिले सार्वजनिक क्षेत्र,,निजी क्षेत्र,,सहकारी क्षेत्र,,गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा अपाङ्गतामैत्री नीति, योजना एवम् कार्यक्रममा सामान्जस्यता ल्याउन समन्वय गर्नेछ । साथै समृद्ध नेपाल, सुखी नेपालीको साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समेत यस नीतिले सहयोग गर्नेछ।

## 6. दीर्घकालीन सोच

अपाङ्गता भएका व्यक्तिको मर्यादित, स्वावलम्वी र आत्मनिर्भर जीवन ।

## 7. सोचको परिदृश्यः

राज्यका सवै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र पहुँच स्थापित  गर्दै  आर्थिक र सामाजिक सशक्तीकरणद्वारा सम्मानपूर्वक जीवनयापनको सुनिश्चित गर्ने ।

## 8. लक्ष्यः

अपाङ्गता भएका व्यक्तिको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरण मार्फत राज्यका सवै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणाली स्थापित गर्ने ।

## 9. उद्देश्य

क. राज्यका सबै तहमा अपाङ्गतामैत्री शासन प्रणाली स्थापित गर्नु ।

ख. अपाङ्गता भएका व्यक्तिको राजनीतिक,आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु ।

ग. सवै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सवल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।

घ. राज्यका सबै संरचना र निर्माणमा अपाङ्गतामैत्री भौतिक पूर्वाधारको विकास गर्नु ।

10. ## रणनीति

1. कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।क
2. अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनले प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानुनको निर्माण तथा पुनरावलोकन गर्ने । क
3. अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको सुनिश्चितता गर्ने ।
4. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै अपाङ्गतामैत्री प्रणालीको विकास गर्ने ।ख
5. स्वरोजगार, रोजगारी ,आयआर्जन, उद्यमशीलता र परिवार सहायताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउने ।ख
6. अपाङ्गता भएका व्यक्तिप्रति गरिने अन्धविश्वास, विभेद, हिंसा र शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने। ग
7. अपाङ्गता भएका व्यक्तिको लागि सवै प्रकारका सुविधा सहितको पुनःस्थापना र स्वास्थ्योपचार लगायत सहायक सामग्रीको व्यवस्था गर्ने ।ग
8. अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित गुणस्तरीय शिक्षा, खेलकुद र मनोरञ्जनको पहुँच सुनिश्चित गरी सवल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने ।ग
9. भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधि अपाङ्गतामैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच पुर्‍याउने ।घ
10. अपाङ्गता भएका व्यक्तिको सहजताको लागि आवासीय एवम् अल्पकालीन पुनस्थापना केन्द्रलाई पहुँच योग्य बनाउने । घ

11. ## नीति तथा कार्यनीतिः

रणनीति १: कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा अपाङ्गतामैत्री शासन प्रणालीको विकास गर्ने ।

(1) सङ्घ, प्रदेश तथा स्थानीय तहमा अपाङ्गतामैत्री नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(2) सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

(3) सङ्घ, प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई अभिमुखीकरण गरिनेछ ।

(4) सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा अपाङ्गता भएका व्यक्तिका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याईनेछ ।

(5) अपाङ्गतामैत्री शासन प्रणालीलाई राज्यका सबै शासकीय तहमा संस्थागत गरिनेछ ।

(6) सार्वजनिक निकायमा रहेका अपाङ्गता सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ।

(7) सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई अपाङ्गतामैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(8) संघीय, प्रादेशिक र स्थानीय सरकार तथा गैर सरकारी क्षेत्रहरुबीच अपाङ्गता भएका व्यक्तिको सुशासन र समावेशी विकासको अवलम्वनको लागि प्रभावकारी सहकार्य स्थापित गरिनेछ ।

(9) स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(10) संघ, प्रदेश र स्थानीय तह लगायत अन्तर्राष्ट्रिय क्षेत्रका असल अभ्यासहरुलाई सबै सरोकारवाला निकायबीच आदान प्रदान गरिनेछ ।

## रणनीति २: अपाङ्गता भएका व्यक्तिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनले प्रदान गरेका हक अधिकारको संरक्षण गर्न कानुनको निर्माण तथा पुनरावलोकन गर्ने।

(1) सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको जीवनयापनको लागि सहभागितामूलक अपाङ्गतामैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(2) अपाङ्गता भएका व्यक्तिको सम्वन्धमा विद्यमान कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गरिनेछ ।

(3) अपाङ्गता भएका व्यक्तिको अन्तराष्ट्रिय सन्धि तथा महासन्धी एवम् इच्छाधिन आलेखमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन नयाँ कानुन निर्माण तथा विद्यमान कानुनको पुनरावलोक

(4) न गरिनेछ ।

(5) अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(6) अपाङ्गता सम्बन्धी पहिचानका लागि आवश्यक पूर्व परीक्षण प्रणालीको विकास गरिनेछ ।

(7) विशेष कानुनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।

(8) महिला अधिकार र सशक्तीकरण सँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका सवालहरूलाई प्राथमिकता दिइनेछ ।

## रणनीति ३: अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागितको सुनिश्चितता गर्ने । ।ख

(1) अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसरमा वृद्धि गरिनेछ ।

(2) अपाङ्गता भएका महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

(3) व्यावसायिक, सीप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूको सहभागितालाई प्राथमिकता दिइनेछ ।

(4) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा अपाङ्गता भएका व्यक्तिद्वारा प्रबर्द्धित लगानीलाई विशेष सहुलियतसाथ समावेश गरिनेछ ।

(5) अपाङ्गता भएका व्यक्तिका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी आत्मनिर्भर बनाईनेछ ।

(6) स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिता अभिवृद्धि गरिनेछ ।

(7) सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा अपाङ्गता भएका व्यक्ति उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्ने स्थान उपलब्ध गराइनेछ ।

(8) अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरी सशक्तीकरण, आर्थिक उपार्जन र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(9) सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

रणनीति ४: निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै अपाङ्गतामैत्री प्रणालीको विकास गर्ने ।ख

(1) अपाङ्गता भएका व्यक्तिमाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

(2) अपाङ्गता भएका व्यक्तिको विकास र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

(3) कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव एवम् दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(4) न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई अपाङ्गतामैत्रीको विषयमा क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

(5) सामाजिक सुरक्षा अन्तर्गतका सेवा सुविधाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन, चेतना अभिवृद्धि र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(6) अपाङ्गता भएका महिला, बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिलाई हेर्ने तीनै तहका निकायलाई थप स्रोत साधन सम्पन्न बनाई कार्यान्वयन गरिनेछ।

(7) अपाङ्गता भएका व्यक्ति सम्वन्धी नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन उचित प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।

(8) समन्वयलाई चुस्त र प्रभावकारी बनाउन संघ प्रदेश र स्थानीय तहका विषयगत मन्त्रालय र निकायहरूमा अपाङ्गताको क्षेत्र हेर्न अलग्गै डेस्क वा सम्पर्क विन्दुको व्यवस्था गरिनेछ ।

(9) अपाङ्गताको प्रकृति, गाम्भीरता र आयस्तरलाई मध्यनजर गरी सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकता दिइनेछ ।

(10) अपाङ्गता भएका व्यक्तिहरूका लागि चाहिने विशिष्ट प्रकृतिका सेवाहरूको मापदण्ड निर्धारण गरी सो अनुरूप सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(11) पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा तथा बौद्धिक अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता भएका ब्यक्तिलाई हेरचाह सेवा सामाजिक सुरक्षाकै अङ्गको रूपमा प्रदान गरिनेछ।

(12) नियमित सहयोगी सेवा र हेरचाह सेवा आवश्यक हुने गम्भीर अपाङ्गता भएका ब्यक्ति र अभिभवाकहरुले नियमित हेरचाह गर्नु पर्ने ब्यक्तिहरूका लागि आर्थिक सहयोग साथै परिवार सहयोग कार्यक्रम (Family support program) लागू गरिनेछ ।

(13) जनचेतना अभिवृद्धिका लागि स्थानीय विद्युतीय र छापा माध्यम, सूचना प्रविधि र राष्ट्रिय सञ्चारमाध्यमहरूको प्रभावकारी परिचालन गरिनेछ ।

(14) विपदका अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनामा विशेष प्राथमिकता दिइनेछ ।

(15) विपद् व्यवस्थापनका प्रक्रियाहरूलाई अपाङ्गता उत्थानशील समाज बनाइनेछ ।

## रणनीति ५: आयआर्जन, स्वरोजगार, रोजगारी, उद्यमशीलता र परिवार सहायताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउने ।ख

(1) उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ ।

(2) स्वरोजगार र उद्यमशीलता सम्बन्धी कार्यक्रममा स्थानीय तहमार्फत् अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(3) अपाङ्गता भएका व्यक्तिद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(4) अपाङ्गता भएका व्यक्ति उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुका साथै 'एक स्थानीय तह, एक बिक्री केन्द्र' को व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ ।

(5) व्यापार-व्यवसाय एवम् उद्योग गर्ने आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ।

(6) अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर रोजगारी दिने सङ्घ संस्थाहरूलाई प्रोत्साहन गर्ने नीति र कार्यक्रम कार्यान्वयन गरिनेछ।

(7) सीप विकास तालिम, उद्यमशीलता विकास, सहुलियत पूर्ण ऋण तथा स्वरोजगारका लागि अनुदान लगायतका कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकतामा राखिनेछ ।

(8) उद्योग प्रतिष्ठान र निजी क्षेत्रसँग अपाङ्गता भएका व्यक्तिको रोजगार सुनिश्चितता गर्ने पहल गरिनेछ ।

(9) अपाङ्गता भएका व्यक्तिद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(10) अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(11) अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।

(12) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय

संस्थाबाट अनुदान सहायता तथा सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

रणनीति ६: अपाङ्गता भएका व्यक्तिप्रति गरिने अन्धविश्वास, विभेद, हिंसा र शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने। ग

(1) अपाङ्गता भएका व्यक्तिप्रति गरिने सवै विभिन्न प्रकारको अन्धविश्वास विभेद र सवै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
(2) सवै प्रकारका अन्धविश्वास र हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।
(3) सवै प्रकारका हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ।यस कार्यमा सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रूपमा परिचालन गरिनेछ ।
(4) हिंसाको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।
(5) अपाङ्गता भएका व्यक्ति प्रति रहेको पारिवारिक सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
(6) अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा अन्त्यका लागि उनीहरूलाई विशेष संरक्षण प्रदान गर्दै शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
(7) बहुविभेदमा परेका अपाङ्गता भएका सीमान्तकृत, अल्पसङ्ख्यक वर्ग र अपाङ्गता भएका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

रणनीति ७: अपाङ्गता भएका व्यक्तिको लागि सवै प्रकारका सुविधा सहितको पुनस्थापना र स्वास्थ्योपचार लगायत सहायक सामग्रीको व्यवस्था गर्ने ।ग

(1) सार्वजनिक-निजी-साझेदारीमा विशेष प्रकारको अपाङ्गताको लागि पुनस्थापना सेवा र आवश्यक स्वास्थ्यपचारको व्यवस्था गरिनेछ।
(2) सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य लगायत स्वास्थ्य सम्बन्धी नीति, कार्यक्रम एवं सेवाहरुमा अपाङ्गता भएका महिलाहरूको लागि पहुँचयुक्त बनाइनेछ ।
(3) पूर्ण अशक्त, अति अशक्त, अटिजम, बौद्धिक अपाङ्गता भएका वा प्रष्ट रुपमा नदेखिने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
(4) स्थानीयस्तरमा रहेका अस्पताल र स्वास्थ्यचौकीहरूमा थेरापी, शारीरिक तथा मानसिक क्रियाशीलतामा अभिवृद्धि गराउन आवश्यक पर्ने पुनर्स्थापना तथा अभ्यस्तता (Rehabilitation & Habilitation) सम्बन्धी सेवाहरू लिन अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा भौतिक संरचना र सेवाहरू पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ ।
(5) बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षाघात, मनोसामाजिक अपाङ्गता, हेमोफिलिया, अटिजम र छारेरोगबाट प्रभावित व्यक्तिहरूले निरन्तर सेवन तथा प्रयोग गर्नुपर्ने औषधि तथा उपकरणहरू स्पाइनल कर्ड इन्ज्युरी भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने युरिन ब्याग, क्याथेटर र उनीहरूले निरन्तर सेवन गर्नुपर्ने औषधिहरू निःशुल्क उपलब्ध गराइनेछ ।

(6) अपाङ्गता भएका महिलाहरूको सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूमा गुणस्तरीय र पहुँचयोग्य बनाइनेछ ।

(7) अपाङ्गता भएका महिलालाई महिलाको प्रजनन स्वास्थ्यको लागी अधिकांश अस्पतालका प्रसूति कक्षहरू विशेष सेवा दिन सक्ने गरी भौतिक र मानवीय स्रोतको पक्षबाट सहज रूपमा उपलब्ध गराइनेछ ।

(8) अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै तहमा अपाङ्गतामैत्री संरचना र संयन्त्रको विकास गरिनेछ ।

(9) अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बिमा तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा संलग्न गरिनेछ ।

(10) मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ । साथै, यस्ता अपाङ्गता भएका व्यक्तिका लागि जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

## रणनीति ८: अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षा, खेलकुद र मनोरञ्जनको पहुँच सुनिश्चित गरी सवल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने।

(1) सवै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षा सहित ब्रेललिपि, सचित्र, सरल, ठूलाछापा र सांकेतिक भाषा र स्पर्श संकेतका माध्यमबाट निःशुल्क शिक्षाको पहुँच स्थापना गरिनेछ ।

(2) शिक्षा, तालिम, रोजगारीका माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गरिने।

(3) अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरी सशक्तीकरण, आर्थिक उपार्जन र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ । ।

(4) विशेष कानुनी प्रावधानहरू निर्माण गरेर समुदाय र अभिभावकहरू समेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच स्थापित गरिनेछ ।

(5) अपाङ्गता भएका व्यक्तिको व्यावसायिक र गुणस्तरिय उच्चशिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानुनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार गरिनेछ ।

(6) अपाङ्गता भएका बालबालिका तथा युवालाई गुणस्तरिय शिक्षामा पहुँच पुर्‍याउन शिक्षकहरूको क्षमता विकास, विद्यालय, कलेज र विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण लगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन तथा परीक्षा प्रणाली एवम् शैक्षिक सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाइनेछ ।

(7) अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, ल्याव, पुस्तकालय, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाइनेछ ।

(8) अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बाल-विकास केन्द्र लगायत विद्यालयसम्मको पहुँच स्थापित गर्न र उनीहरू प्रति सकारात्मक सोच विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(9) अपाङ्गता भएका विद्यार्थीको सिकाइ उपलब्धि बढाउन, उनीहरूको टिकाउ दरमा वृद्धि गर्न र सिकाइ प्रक्रियामा पूर्ण रूपमा सहभागी गराउन आवश्यक पर्ने अध्ययन र अनुसन्धान गरिनेछ ।

(10) शिक्षण संस्थासम्म पुग्न भौतिक अवरोधका कारणले कठिनाइ भएका अपाङ्गता भएका विद्यार्थीका लागि पहुँचयुक्त छात्रावासको व्यवस्था मिलाउने र तत्काल विद्यालय गएर अध्ययन गर्न नसक्ने अवस्थामा रहेका विद्यार्थीहरूका लागि घरमै बसेर अध्ययन गर्ने वातावरण मिलाइनेछ ।

(11) समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा शिक्षा दिन सक्ने गरी शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

(12) अपाङ्गता भएका युवाहरूको मानवीय सीप, व्यावसायिक दक्षता र रोजगारीमूलक सीप विकास गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(13) अपाङ्गता भएका व्यक्तिहरूको व्यावसायिक र गुणस्तरिय उच्चशिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानुनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार गरिनेछ ।

(14) अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गरिनेछ ।

(15) खेलकुद सम्बन्धी योजना निर्माण र निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

रणनीति ९: भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चारर पर्विधि अपाङ्गतामैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच पूर्याउन ।घ

(1) अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री उत्पादनको व्यवस्था मिलाई आवागमनलाई सरल र व्यवस्थित गरिनेछ।

(2) सवै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा अपाङ्गतामैत्री बनाई दैनिक क्रियाकलाप गर्न सरल हुने बातावरण निर्माण गरिनेछ ।

(3) आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचनाहरुमा सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि पहुँचयुक्त बनाइनेछ ।

(4) सार्वजनिक भौतिक संरचना पूर्वाधार तथा यातायातका साधन अपाङ्गतामैत्री बनाइनेछ ।

(5) आमसञ्चारसूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरिनेछ ।

(6) भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चारपर्विधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गरिनेछ ।

(7) नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरी सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सन प्रयोगको व्यवस्था मिलाइनेछ।

(8) सडक वा किनारमा राखिने सार्वजनिक सरोकारका भौतिक सामग्री (टेलिफोन बुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने बिरुवा, सडक पेटीमा लगाइने रेलिङ, सवारी प्रतीक्षालय, बिजुली तथा टेलिफोनका पोल, तार, सूचनापाटी आदि) निश्चित मापदण्ड बनाई अपाङ्गतामैत्री ढङ्गबाट निर्माण तथा सञ्चालन गरिनेछ ।

(9) सार्वजनिक सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाइनेछ ।

(10) स्थानीय तहसम्म साङ्केतिक भाषाको तालिम प्रदान गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(11) शौचालय, चमेनागृह, पुस्तकालय, पार्किङ, बैठक कक्ष, सम्मेलन कक्ष लगायतका सार्वजनिक कार्यस्थलसँग सम्बन्धित सुविधाहरूलाई अपाङ्गतामैत्री बनाइनेछ ।

(12) धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना तथा विश्राम स्थलहरूलाई पहुँचयुक्त बनाइनेछ ।

(13) राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।

(14) अपाङ्गतामैत्री सूचना व्यवस्थापन प्रणालीको विकास गरी सङ्घ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार ग रिनेछ। यस्तो प्रणालीलाई अनलाईन रूपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको अपाङ्गतामैत्री सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

(15) अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणालीको विकास गरिनेछ ।

(16) आमसञ्चारमाध्यम (साङ्केतिक भाषा क्याप्सनिङ्ग, मोवाइल, एप्स आदि) लाई अपाङ्गतामैत्री बनाइनेछ ।

(17) अपाङ्गता भएका व्यक्तिहरुबीचको सञ्चारलाई सक्रिय बनाई उनीहरुको क्षमता विकास गरिनेछ ।

(18) बौद्धिक अपाङ्गता अटिजम जस्ता अपाङ्गता भएका ब्यक्तिहरुको सूचनामा पहुँच बृद्धि गर्न सचित्र सरल ठुला छापा (Easy to read ) सम्बन्धी मापदण्ड र कार्यविधि बनाइ सोको कार्यान्वयन गरिनेछ ।

## रणनीति १०: अपाङ्गता भएका व्यक्तिको सहजताको लागि आवासीय एवम् अल्पकालीन पुनस्थापना केन्द्रलाई पहुँच योग्य बनाउने । घ

(1) अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

(2) पूर्ण अशक्त तथा बेसाहारा अपाङ्गता भएका व्यक्तिका लागि राज्यबाट पुनस्थापना केन्द्रमा राख्ने व्यवस्था गर्नेछ ।

(3) अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्रीको उत्पादन तथा निःशुल्क वितरणको व्यवस्था गरिनेछ ।

(4) संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सुविधा सम्पन्न अपाङ्गता ग्राम एवम् पुनर्स्थापना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

(5) अपाङ्गता भएका व्यक्तिका लागि सातै प्रदेशमा सवै प्रकारका सुविधा सहितको अपाङ्गता ग्राम स्थापना गरी आवासीय बिद्यालय र हेरचाह सेवा तथा पुनःस्थापना केन्द्र सञ्चालन गरिनेछ ।

# 12. संस्थागत संरचना

1. यो नीतिलाई प्रभावकारीढङ्गले कार्यान्वयन गर्नका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न, नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरण गर्ने र अपाङ्गता भएका व्यक्तिको अधिकार सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारवाहीमा समन्वय रेखदेख प्रवर्दन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिनको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका मन्त्रीज्यूको अध्यक्षतामा एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ ।

2. प्रदेशमा नीति समन्वय तथा अनुगमन अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वय गर्नका लागि सम्बन्धित बिषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेशस्तरको समिति रहनेछ ।
3. स्थानीय तहमा नीतिको प्रभावकारी कार्यन्वयन र समन्वयको लागि प्रत्येक गाउँपालिका र नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुख संयोजक रहने गरी एक स्थानीय समन्वय समिति रहनेछ ।
4. प्रदेश तथा स्थानीय तहका समितिले नीतिको कार्यान्वयनका लागि कानून, नीति, योजना र कार्यक्रमलाई अपाङ्गतामैत्री बनाउन तथा अपाङ्गता भएका व्यक्तिको क्षमता विकास, सशक्तीकरण र सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्नेछन् ।

## 13. कानुनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागू गर्न सकिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ ।

## 14. अनुगमन तथा मूल्याङ्कन

(1) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक अपाङ्गतामैत्री सूचक देखिने गरी सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत विद्युतीय सूचना प्रणाली कार्यान्वयन गरिनेछ । यस सूचना प्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी सङ्घ, प्रदेश र स्थानीय तहले नियमित रुपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनेछ ।

(2) अपाङ्गताको विषयमा अध्ययन, अनुसन्धान गरी तथ्याङ्क सङ्कलन तथा सूचना व्यवस्थापनलाई चुस्त, प्रभावकारी र गुणस्तरिय बनाइनेछ

(3) सबै मन्त्रालय तथा निकायबाट आ-आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा राष्ट्रिय अपाङ्गता नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुनेछ।

(4) राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा राष्ट्रिय अपाङ्गता नीतिको कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

(5) नीतिको पुनरावलोकन दश वर्षमा गरिनेछ ।

## 15. संभावित जोखिम न्यूनीकरण योजना

यस नीतिको प्रकृति र स्वरूप वृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छः-

(1) अपाङ्गता सम्बन्धी बुझाइमा विविधता हुन सक्ने ।

(2) राष्ट्रिय अपाङ्गता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने ।

(3) अपाङ्गताको विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

(4) राज्यका विभिन्न निकायका बीच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने ।

२. जोखिम न्यूनीकरणका उपायहरू:-

(1) सङ्घ, प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी यस नीतिको कार्‍यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ ।

(2) सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्रको रूपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ।अपाङ्गताका सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।

(3) अपाङ्गताको विषयमा मन्त्रालयमा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेक्षण गरिनेछ।